नेपाल टेलिकम
कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन
निर्वाचन अधिकृतको कार्यालय

# नेपाल टेलिकम

## कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन २०८१

### निर्वाचन अधिकृतको कार्यालय

दूरसञ्चार भवन
भद्रकाली प्लाजा, काठमाडौं

प.सं. : सं.स.क.प्र.नि. २०८१/०८२
च.नं. : ०७

मितिः- २०८१।०८।१२

विषयः- <u>कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन आचार संहिता-२०८१ सम्बन्धमा</u> ।

श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड,
के.का., प्रमुख मानव संशाधन अधिकृतको कार्यालय ।

प्रस्तुत विषयमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८१।०८।०४ गते बसेको १०४२औं बैठकको निर्णय नं. ४०५१ अनुसार कम्पनीको नियमावलीको नियम १२ को खण्ड (छ) को समूह "ख" (कर्मचारी समूह) तर्फको कर्मचारी प्रतिनिधी सञ्चालक छनौटको लागि' मिति २०८१।०८।२८ गते बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म हुने निर्वाचनको लागि "नेपाल दूरसञ्चार कम्पनी लि. को सञ्चालक समितिमा कर्मचारी प्रतिनिधि छनौट सम्बन्धी कार्यविधि (संशोधन सहित), २०७४" बमोजिम निर्वाचन प्रयोजनको लागि यसैसाथ संलग्न बमोजिमको कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन आचार संहिता-२०८१ मिति २०८१।०८।१५ गतेदेखि लागू गरिएकोले तदनुरुप गर्ने गराउने व्यवस्थाको लागि अनुरोध गरिएको छ ।

<u>बोधार्थ तथा कार्यार्थ :</u>
श्री नेपाल टेलिकम, प्रबन्ध निर्देशकज्यूको सचिवालय, के.का. ।
श्री नेपाल टेलिकम, कम्पनी सचिवालय, के.का. ।
श्री नेपाल टेलिकमका सबै विभाग/निर्देशनालय/कार्यालयहरु ।

<u>निर्झर भट्टराई</u>
निर्वाचन अधिकृत
कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन -२०८१

टेलिफोन नं: ०१४२१०२७६
email address: ntebm@ntc.net.np

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
# कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन
## आचार संहिता -२०८१

नेपाल टेलिकम
कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन
निर्वाचन अधिकृतको कार्यालय

१. निर्वाचन प्रचार प्रसार गर्दा शान्त, संयमित र अनुशासित तरिकाले गर्नु पर्दछ ।

२. निर्वाचन अभियान सञ्चालन गर्दा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड प्रति आघात पर्ने गरी गर्नु गराउनु हुँदैन ।

३. निर्वाचन प्रचार प्रसारको क्रममा भेटघाट तथा छलफल, सभा, भाषण बाहेक जुलुस तथा नाराबाजी गर्न पाईने छैन । प्रचार प्रसारमा कार्यालय परिसर भित्र सामान्य खालको हाते माइकको मात्र प्रयोग गर्न पाइने छ । कुनै पनि कार्यालय हाता भित्र पर्चा, पोष्टर, स्टिकर, पम्प्लेट टाँस्न, भित्ते लेखन र ध्वजा पताका टांस्न पाइने छैन ।

४. कुनै उम्मेदवारले जात, जाति, समुदाय, धर्म वा सम्प्रदायको बीच आपसमा घृणा, द्वेष, अवहेलना र वैमनश्य उत्पन्न हुने गरी प्रचार प्रसार वा भाषण गर्नु गराउनु हुदैन । साथै लिङ्ग धर्म, क्षेत्र, जाति, सम्प्रदाय वा भाषाको आधारमा मतदान गर्न मतदाताहरुलाई प्रेरित गर्नु गराउनु हुँदैन ।

५. २०८१ मंसिर २६ गते बुधबार साँझ ०४:०० बजेदेखि निर्वाचन सम्पन्न नभएसम्म निर्वाचन प्रयोजनको लागि प्रचार प्रसार गर्न, मतदाता कर्मचारीहरुलाई भेट्न, मत माग्न र मतको लागि आशय व्यक्त गर्न गराउन पाइने छैन ।

६. कुनै पनि उम्मेदवार वा कर्मचारीले अन्य कुनै उम्मेदवार वा कर्मचारी तथा निजको परिवारका कुनै सदस्यको चरित्र हत्या हुने, व्यक्तिगत आक्षेप लाग्ने गरी कुनैपनि माध्यमबाट प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

७. निर्वाचन कार्यमा खटिएका कर्मचारीहरुलाई आफ्नो कर्तव्य पालन गर्न आवश्यक सहयोग तथा सघाउ पुर्‍याउनु सबै उम्मेदवार तथा निजको प्रतिनिधि र सबै कर्मचारीहरुको कर्तव्य हुने हुनाले कसैले पनि कुनै किसिमको डर, धाक, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचन कार्यमा खटिएका कर्मचारीहरुलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु गराउनु हुँदैन ।

८. निर्वाचन कार्यक्रम सबै कार्यालयहरुमा निर्बाध रुपले सञ्चालन हुनको लागि उपयुक्त वातावरणको श्रृजना गर्नु सबै उम्मेदवार तथा व्यवस्थापनको कर्तव्य हुनेछ ।

९. कुनै उम्मेदवार तथा निजको प्रतिनिधिहरुले मतदातालाई डर, धाक, धम्की वा प्रलोभनबाट निजको इच्छा विपरित मतदान गर्न गराउन बाध्य गर्नु हुँदैन ।

१०. निर्वाचनमा भाग लिने उम्मेदवारले एक अर्काको प्रजातान्त्रिक अधिकारप्रति सजग रहनु पर्दछ र प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा शिष्ट एवं संयमित हुनु पर्दछ ।

११. निर्वाचनमा भाग लिने उम्मेदवारले निर्वाचनको क्रममा निर्वाचन सम्बन्धी ऐन, नियम, कार्यविधि तथा निर्देशिकाकामा भएका व्यवस्थालाई पालन गर्नु गराउनु पर्दछ ।

१२. कूनै पनि उम्मेदवारले मतदाता नामावलिमा नाम नभएका व्यक्तिको नाम ढाँटी मतदान गर्ने गराउने वा दोहोरो मतदान गर्ने गराउने जस्ता कुरामा प्रोत्साहन गर्नु गराउनु हुँदैन ।

भट्टराई

१३. कुनै पनि उम्मेदवार वा निजको प्रतिनिधिहरुले बल प्रयोग गरी, डरत्रास देखाई, धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्रलाई आफ्नो कब्जामा लिनु, मतपत्र, मतपेटिका वा मतदान सामाग्री जवरजस्ती हत्याउने, खोस्ने, नास्ने, विगार्ने गर्नु गराउनु हुँदैन ।

१४. निर्वाचन शान्तिपुर्ण र निष्पक्ष रुपले सम्पन्न गर्न निर्वाचन अधिकृतले आवश्यक प्रतिनिधिहरु माग गरेमा सम्बन्धित उम्मेदवार र व्यवस्थापन पक्षले उपलब्ध गराउनु पर्नेछ ।

१५. मतदानको दिन निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, उम्मेदवार, कम्पनीका स्थायी कर्मचारी, निर्वाचनसँग सम्बन्धित व्यक्ति बाहेक अन्य व्यक्तिलाई निर्वाचन क्षेत्र भित्र प्रवेश गर्न दिइने छैन ।

१६. निर्वाचन अधिकृतले निर्वाचन क्षेत्र भनि तोकेको स्थानमा कुनै तुल, पर्चा, पम्प्लेट, व्यानर टांस्ने, भित्ते लेखन वा निर्वाचनलाई प्रभाव पार्ने किसिमको अन्य कुनै संकेत गर्न पाइने छैन ।

१७. प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तोकिएको समयमा मतदान कार्य शुरु गर्न नसक्ने असाधारण अवस्था परेमा सहायक निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको सहमतिमा केहि समय पछि सार्न सक्नेछ । त्यसरी पछि सारिएको समयको कारण कम हुन आउने जति समय निर्वाचनको अन्तिम समय पछि थप गर्न सक्नेछ ।

१८. मतदानको समयमा कुनै पनि मतदातालाई आफ्नो पक्षमा प्रभाव पार्ने बाहिरी शक्तिहरु उपस्थित गराइ कुनै किसिमको प्रभाव पार्न र परिणाम घोषणा नभएसम्म कुनै किसिमको होहल्ला गरी काममा बाधा पार्न पाइने छैन ।

१९. मतदानको समयमा अशक्त मतदाताहरुलाई मतदान गर्न प्राथमिकता दिइने छ ।

२०. निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई कुनै कर्मचारी मतदान गर्न असमर्थ भएको भन्ने लागेमा मतदान गर्ने कोठासम्म आउन सक्ने मतदाताहरु मध्ये निजले इच्छाएको व्यक्ति वा निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृत वा मतदान अधिकृतको सहयोग लिई मतदान गर्न सक्नेछ ।

२१. मतदानमा भाग लिन पाउने कम्पनीका तह १ देखि तह ११ सम्मका स्थायी कर्मचारीले अनिवार्य रुपमा नेपाल टेलिकमको कर्मचारी परिचयपत्र देखाउनु पर्नेछ ।

२२. निर्वाचनको क्रममा जुन ठाउँमा मतदाता नामावली प्रकाशित भएको छ सोही ठाउँमा मात्र कर्मचारीले मतदान गर्न पाउनेछ ।

२३. कम्पनीको व्यवस्थापकीय कार्यमा संलग्न पदाधिकारीहरु र निर्वाचन सम्पन्न गराउने कार्यमा प्रत्यक्ष संलग्न रहने कर्मचारीहरु तटस्थ रहनु पर्नेछ ।

२४. यो आचार संहिता लागू हूने मिति पश्चात निर्वाचन सम्पन्न नहुन्जेलसम्म कर्मचारीहरुको सरुवा गर्दा तथा लामो अवधीको काज खटाउँदा निर्वाचन कार्यमा बाधा पुग्ने भएकोले सो कार्य नगर्न नगराउन कम्पनीको व्यवस्थापनलाई जानकारी गराउने ।

२५. यो आचार संहिता मिति २०८१।०८।१५ गतेदेखि लागु हुनेछ ।

निर्झर भट्टराई
निर्वाचन अधिकृत

**नेपाल टेलिकम**
**कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन**
**निर्वाचन अधिकृतको कार्यालय**